# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शान्तिपुर, गुल्मी
## लुम्बिनी प्रदेश, नेपाल

# नदीजन्य पदार्थ उत्खनन् बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

**प्रकाशित मिति : २०८०/५/३ गते**

स्थानीय सरकार संचालान ऐन, २०७४ को दफा ६२ क, चन्द्रकोट गाउँपालिकाको आर्थिक ऐन २०८० र संघीय सरकारको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ साथै चन्द्रकोट गाउँपालिकाको वातावरणीय परिक्षण प्रतिबेदन (IEE) ले पेश गरेको प्रतिबेदन अनुसार यस गाउँपालिका वडा नं. ७ र ८ अन्तर्गत रहेको बडिगाड नदीका विभिन्न बगर क्षेत्रका साथै वडा नं. २ को खहरेखोलाका विभिन्न नाकाबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् संकलन गरी बिक्री वितरण गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय परिक्षणको स्वीकृत प्रतिवेदनमा उल्लेख भए बमोजिमका शर्तहरुको अधिनमा रही निम्नानुसारको न्यूनतम ठेक्का अंकमा नघट्ने गरी आर्थिक वर्ष २०८०/०८१ को बाँकी अवधी (२०८१ जेठ मसान्त ) सम्मको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक प्रचलित कानुन बमोजिम दर्तावाला फर्म/कम्पनीहरुबाट तपशिल अनुसारको ठेकाको बोलपत्र फाराम खरिदको लागि यस गाउँपालिकामा राजश्च बापतको शुल्क रु. १०००।-(फिर्ता नहुने गरी) तिरी बोलपत्र फाराम खरिद गरी तपशिलमा उल्लेख भएको म्यादभित्र बोलपत्र खरिद गरी आफूले कबोल गरेको रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो आधिकारीक प्रतिनिधिद्वारा कबुल ठेक्का अंकको मु.अ. कर समेतको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस गाउँपालिकाको नेपाल बैङ्क लिमिटेड शान्तिपुर शाखामा रहेको धरौटी खाता नं. २३५०३००००३०००००००१ मा जम्मा गरी सोको सक्कल भौचर वा ९० (नब्बे) दिनसम्म म्याद भएको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कबाट जारी गरिएको बिडवण्ड बोलपत्र साथ राखी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै शर्त वा बन्देज सम्बन्धी विस्तृत विवरण यस कार्यालयको वेवसाइट www.chandrakotmun.gov.np मा बोलपत्र फाराम र BOQ संलग्न रहेको छ।

**तपशिल**

| क्र. सं | ठेक्का नं. | नदी र घाटको नाम | परिणाम (घ.फु) | न्यूनतम अंक (मु.अ.क. बाहेक रु.) | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | आय ०१/ २०८०/०८१ | वडिगाड नदीको भुजुंगे, गडेल खोला र बाघखोला बगर क्षेत्र, चन्द्रकोट ८ | २९२,४३५ | १,७५४,६१० | कबोल अंकको ५% | १,०००।- |
| २. | आय ०२/ २०८०/०८१ | वडिगाड नदीको चोरकाटे र बोटेगाउँ बगर क्षेत्र, चन्द्रकोट ७ | १००,११५ | ६००,६९० | कबोल अंकको ५% | १,०००।- |
| ३. | आय ०३/ २०८०/०८१ | वडिगाड नदीको तिनसिमल क्षेत्र, चन्द्रकोट ८ | ३६,७२७ | २२०,३६२ | कबोल अंकको ५% | १,०००।- |
| ४. | आय ०४/ २०८०/०८१ | वडा नं. २ र ३ को खहरे खोलाका नाकाबाट | १५८,३७३ | ९,५०,२३८ | कबोल अंकको ५% | १,०००।- |

क) वोलपत्र खरिद गर्न इच्छुक फर्म वा कम्पनीहरुले वोलपत्र खरिद गर्नको लागि ब्यबसाय, फर्म दर्ता प्रमाणपत्रको प्रतिलीपी, २०७८/०७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलीपी, स्थायी लेखा नम्वर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी सहित कार्यालय समयमा सुचनाको म्याद भित्र बोलपत्र फाराम खरिद गर्न सकिने छ।

ख) बोलपत्र खरिद हुने अन्तिम मिति र समय : २०८०/५/१७ गते कार्यालय समय भित्र।

ग) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समयः २०८०/५/१८ गते दिउसो १२:०० बजे भित्र।

घ) बोलपत्र खोलिने समय र स्थानः २०८०/५/१८ गते दिउसो २:०० बजे चन्द्रकोट गाउपालिकाको कार्यालय।

ङ) प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्ने छ। त्यसवाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षवाट सरकारी वाँकी सरह असूल उपर गरिने छ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## शर्त तथा बन्देज

१. प्रचलित कानून बमोजिम दर्ता भएका फर्म वा कम्पनीले दर्ता प्रमाणपत्रको प्रतिलिपि, मु.अ. कर प्रमाणपत्रको प्रतिलिप, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र वापतको दस्तुर तिरेको प्रमाण, कबोल अङ्कको ५ प्रतिशत धरौटी बराबरको प्रमाण र Power of Attorney संलग्न गरी बोलपत्र पेश गर्न सकिनेछ।

२. बोलपत्र बिक्री तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोहि समयमा सोको भोलिपल्ट गरिनेछ। बोलपत्र खोलिने समयमा बोलपत्रदाता स्वयं वा प्रतिनिधि उपस्थित हुनुपर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि कार्यालयका प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ। बोलपत्रमा लेखिएको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ। बोलपत्रदाताबाट कुनै शर्त राखिएको र रित नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन।

३. स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन यस सूचनाको अभिन्न अंगको रुपमा रहनेछ। साथै लुम्बिनी प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ ले तोकेको मापदण्ड तथा शर्तहरु पालना गर्नु पर्नेछ।

४. गाउँपालिकाबाट तोकिएको दररेटको अधिनमा रही प्रति घन फिटका दरले राजश्व असुल गर्नु पर्नेछ। बोलपत्रमा उल्लेखित न्यूनतम ठेक्का अंकमा मु.अ.कर समावेश नभएकोले उत्खनन् कर्ताले रोयल्टी असुल गर्दा तोकिए बमोजिमको मूल्य अभिवृद्धि कर थप गरी असुल गर्न सक्नेछ।

५. बोलपत्र दाखिला गर्नु अगावै सम्बन्धित बोलपत्रदाताले उत्खनन् एवं घाटगद्दी गर्न तोकिएको स्थान निरीक्षण गरेर मात्र बोलपत्र दाखिला गर्नु पर्नेछ।

६. बोलपत्र स्वीकृत भए पश्चात् तोकिएको समयभित्र कबोल अंक बराबरको रकम गाउँपालिकाको नाममा रहेको नेपाल बैंक लिमिटेड, शान्तिपुर शाखामा रहेको खातामा जम्मा गरेको सक्कलै भौचर, मु.अ.कर वापतको १३% रकम र अग्रिम आयकर वापतको १.५% को रकम जम्मा गरेको भौचरको प्रतिलिपि सहित पेश गरी ठेक्का सम्झौता गर्नुपर्नेछ। कवोल अंकको ५०% रकम र बाँकी ५०% बराबरको रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको २०८१ श्रावण मसान्त सम्म म्याद भएको स्वीकृत बैंक जमानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ। साथै सो ५०% रकम २०८१ साल वैशाख मसान्तभित्र दाखिला गर्नुपर्नेछ।

७. ठेक्का कबोल गर्ने उत्खनन् कर्ताले कार्यालयले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई सो रसिदहरु गाउँपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। रोयल्टी असुल गर्दा समय उल्लेख नगरी रसिद काटेमा, प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा, नक्कली रसिद वा छाप वा दस्तखत प्रयोग गरेको, संकलन गर्नुपूर्व लगाइएको रेखाङ्कन नष्ट गरेको, तोकिएको मापदण्ड भन्दा गहिरो हुनेगरी उत्खनन् गरेको पाइएमा कानुन बमोजिम कारबाही हुनेछ।

CamScanner

८. ठेक्का स्वीकृत भई सम्झौता पश्चात् नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा बाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनैपनि बन्द, हडतालजस्ता मानव सृजित कारणबाट सृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाइनेछैन।

९. नदीजन्य पदार्थ उत्खनन् गर्दा नागरिकको घर, जग्गा, कुलो, बाँध, सार्वजनिक भवनलाई क्षति हुनेगरी उत्खनन् गर्न पाइने छैन।IEE प्रतिवेदनमा उल्लेख भए बमोजिमको औजार एवं उपकरण प्रयोग गर्नुको साथै गाउँपालिकाको प्राविधिक समितिको सिफारिस अनुसार तोकिएको संख्यामा यान्त्रिक उपकरण प्रयोग गर्न सकिनेछ।

१०. तोकिएको क्षेत्र बाहेक अन्यत्र स्थानबाट उत्खनन् गरेको वा सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन् गरेको पाइएमा सोको परिमाण यकिन गरी उत्खनन् कर्ताबाट दोब्बर राजश्व असुली गरिनेछ।

११. नदीजन्य पदार्थ निकासी गर्ने चलनचल्तीका बाटो बाहेक नयाँ बाटो खोल्न पाइने छैन। नदी, नाकाको बाटो मर्मतको व्यवस्था उत्खनन् कर्ता स्वयंले गर्नुपर्नेछ।

१२. ठेक्का अवधि २०८१ जेष्ठ मसान्तसम्म मात्र रहनेछ। तोकिएको परिमाण बराबरको नदीजन्य पदार्थ उत्खनन् भइसकेपछि स्वत: ठेक्का अवधि समाप्त भएको मानिनेछ। तोकिएको समयभित्र उल्लेखित परिमाण उत्खनन् नभएमा पनि जेष्ठ मसान्तपछि उत्खनन् गर्न पाइने छैन र कबोल गरेको रकममा छुट पाइने छैन।

१३. ढुवानी गर्दा सडकमा धुलो नउड्ने र पानी नचुहिने गरी आवश्यक प्रवन्ध मिलाउनु पर्नेछ।

१४. वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै कार्य गर्न पाइने छैन। साथै वातावरण संरक्षण सम्बन्धि कार्यालयको प्रतिवद्धता र आदेशलाई पालना गर्नुपर्नेछ।

१५. ठेक्का सम्झौता भएको सात दिनभित्र उत्खनन् कर्ता, स्थानीय तहका प्रतिनिधि र प्राविधिक कर्मचारी समेतको रोहवरमा संकलन गर्न सकिने स्थानको सिमाङ्कन तथा रेखाङ्कन गरिने र संकलन/उत्खनन् गरिने कार्यमा संलग्न सम्भावित कामदारलाई वातावरणीय सचेतना दिएपछि मात्र कार्यको सुरुवात गरिनेछ। उल्लेखित कार्य पुरा नभएसम्म उत्खनन् कर्ताले नदीमा उत्खनन् गर्न पाउने छैन।

१६. गाउँपालिकाबाट तोकिएको स्थान बाहेक नदीजन्य पदार्थ थुप्राउन (Deposit) पाइने छैन। गाउँपालिकाले तोकिदिएको स्थानमा घाटगद्दी गर्नुपर्नेछ र नापजाँचको लागि चट्टा मिलाउन पर्नेछ।

१७. नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ढुवानी गर्दा गराउँदा जिल्ला अनुगमन तथा समन्वय समिति लगायतका विषय क्षेत्रगत निकायबाट हुने रेखदेख, नियन्त्रण, नियमन, सम्पर्क, समन्वय, सहयोग सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको निर्णय मुताविकका प्रावधानको पालना गर्नु पर्नेछ।

१८. उत्खनन् कर्ता र कार्यालय बीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ साथै तोकिएको किस्ता रकम म्यादभित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बिक्री आदेश रोक्का गरी बाँकी रहेको किस्ता असुल उपर गर्ने तर्फ आवश्यक कानुनी कारवाही गरिनेछ।

CamScanner

१९. बोलपत्र स्वीकृत र सम्झौता पछि कार्य प्रारम्भ गर्नुभन्दा अगाडि उत्खनन् हुने घाट/बगरको नाम उत्खनन् गर्ने परिमाण लगायतका विषयहरु समेटिएको होडिङ्गबोर्ड सम्बन्धित बोलपत्र दाताले राख्नु पर्नेछ।

२०. यस शर्त तथा बन्देजमा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

CamScanner